विषय : अनिवार्य नेपाली
कक्षा: ८.   समय : २ घण्टा।   पूर्णाङ्क : ५०

विद्यार्थीहरूले उत्तर दिँदा सिर्जनात्मक र मौलिक तरिकाले उत्तर दिनुपर्ने छ ।

१. दिइएका अर्थसँग मिल्ने शब्द खाली ठाउँमा भर्नुहोस् : **(२)**
(ऐतिहासिक, वास्तुकला, दृष्टान्त, अग्रज, उद्यमशीलता, व्यथित)
इतिहासमा उल्लेख भएको.........
भवन निर्माण गर्ने शिल्प...........
उद्योगमा लागिरहनु.........
व्यथा वा वेदनाले भरिएको...........

२. खाली ठाउँमा मिल्दो शब्द राखी वाक्य पूरा गर्नुहोस् । **(२)**
(क) 'चरो' को उस्तै अर्थ दिने शब्द .... हो । (काग, पक्षी, चमेरो)
(ख) 'बृहत' को उल्टो अर्थ आउने शब्द ... हो। (ठूलो, मध्यम, लघु)
(ग) 'मास' शब्दको अर्थ ..... होइन। (महिना, तरकारी, दाल)
(घ) 'गहना' को समावेश्य शब्द .... हो । (सुन्तला, चिलाउने, तिलहरी)

३. अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् । **(२)**
नमच्चिने पिङ्को सय झड्का,   काव्यानन्द

४. दिइएका शब्द समुहबाट शुद्ध शब्द चिनेर लेख्नुहोस् । **(१)**
(क) (अ) बिविध (आ) विबिध (इ) विविध (ई) विवीध
(ख) (अ) आयुर्विज्ञान (आ) आयुर्विज्ञान (इ) आयुर्विज्ञान (ई) आयुरविज्ञान

५. दिइएको वाक्यलाई शुद्ध पारी लेख्नुहोस् । **(२)**
उनलाई बिश्वले भावपूर्ण श्रन्द्धान्जली त अर्पण गर्‍योनै गुगलले समेत मरणोपरान्त डुडल बनाएर सम्मानीत गरेको छ

६. रेखाङ्कित शब्दहरूको पदवर्ग छुट्याउनुहोस् । **(२)**
<u>भौगोलिक</u> विकटताका कारण नेपाली जनताले अति <u>नै</u> <u>दुःख</u> पाए भन्ने कुरा सर्वविदितै <u>छ</u> ।

७. दिइएका धातु र सङ्केतका आधारमा बाक्य परिवर्तन गर्नुहोस् । **(२)**
क) विद्यार्थीहरू मिहिनेत गरेर ......... । (पढ् : अनिश्चयार्थ )
(ख) उहाँ रामायणको अध्ययन........। (गर् : सामान्य भविष्यत काल)
(ग) तँ राम्रा साथीहरूको सङ्ङ्गत......... । (गर् : आज्ञार्थक)
(घ) रीताले गाइलाई घाँस............ । (हाल् : अज्ञात पक्ष)

८. तल दिइएका सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् । **(३)**
(क) उनीहरू सधैं अर्कालाई मद्दत गर्छन् । (बहुवचन)
(ख )खानी पर्यो भने शीतल हुन्छ । (अकरण)
(ग) किताब किनियो। (कर्तृवाच्य)

९. दिइएको अनुच्छेद पढी उत्तर लेख्नुहोस् । **(३)**
वि.सं. १९९४ तिर नेपालमा किराँतवंशका महागुरू फाल्गुनानन्दको प्रत्यक्ष प्रभाव थियो । मानिस उनको उपदेशलाई ससम्मान ग्रहण गर्थे । प्रपन्नाचार्यका आमाबुबाले पनि फाल्गुनानन्दको प्रवचन प्रत्यक्ष रूपमा पटक पटक सुनेका थिए । अध्यात्मका बारेमा केही न केही बुझ्ने कोसिस गरेका थिए । त्यसै क्रममा एक दिन आमाबुबासँगै आश्रममा पुगेका १४ वर्षीय प्रपन्नाचार्यले त्यहीं बस्ने निधो गरे । कडा अनुशासनका बीच उनले आश्रमका नीति नियम पालन गर्न थाले ।
प्रश्नहरू:
(क) अनुच्छेदबाट उपसर्ग र प्रत्यय लागेर बनेका एक एक ओटा शब्द लेख्नुहोस् ।
(ख) अनुच्छेदबाट एक एक ओटा समस्त र द्वित्व शब्द लेख्नुहोस्
(ग) अनुच्छेदमा रेखाङ्कन गरिएको शब्दको कारक र विभक्ति लेख्नुहोस् ।

१०. दिइएको गद्यांश पढी सोधिएको प्रश्नको उत्तर दिनुहोस् । **(४)**
नेपाल लोकसाहित्यमा धनी मुलुक हो । लोकसाहित्यका विविध विधामध्ये लोकगीत पनि एक हो । चाडपर्व, मेलापात, घाँसदाउरा, ढिकीजाँतो गर्दा गाइने लोकभाका नै लोकगीत हो । लोकगीत लोकलयमा आधारित हुन्छ । सवाई, असारे, तिंज, भैलो, मारूनी, झ्याउरे, लेलो आदि लोकलयका उदाहरण हुन् । संस्कृक्ति, परम्परा, भाषा, भूगोल, जातजाति, जीवनशैलीलगायत पक्षलाई लोकलयको आधार मानिन्छ । लोकलयले नेपाली जनजीवनलाई जीवन्त बनाएको छ । नेपाली परम्परालाई चिनाएको छ । लोकलयको आफ्नै मौलिक संरचना हुन्छ । यही संरचनाले लय वा भाका निर्धारण गरेको हुन्छ ।
प्रश्नहरू:
(क) लोकभाका कहाँ कहाँ गाइन्छन् ?
(ख) लोकलयका कुनै तीनओटा उदाहरण लेख्नुहोस् ।
(ग) लोकलयको आधार केलाई मानिन्छ ?
(घ) नेपाली जनजीवन कसरी जीवन्त बनेको छ ?

११. दिइएको अनुच्छेद पढी चारओटा बुँदा टिपोट गरी एक तृतीयांश सारांश लेख्नुहोस् । **(४)**
आजीवन लोकहितमा समर्पित वैदिक बाङ्मयका प्रखर व्याख्याता प्रपन्नाचार्यले देशविदेशबाट अनेकौं पुरस्कार तथा सम्मान अर्पण गरिएको पाइन्छ । उनले आदिकवि भानुभक्त, गुणराज पाणिनि, शङ्काराचार्य आदि विशिष्ट पुरस्कार प्राप्त गरेका थिए उनलाई राजपरिषद् स्थायी समिति सदस्यका रूपमा समेत मनोनित गरिएको थियो। उनी वि. सं. २०७१ मा नेपाल संस्कृत विश्वविद्यालयद्वारा महाविद्यावारिधिको मानार्थ उपाधिबाट पनि विभूषित भएका थिए।

१२. कुनै एक प्रश्नको उत्तर दिनुहोस् । **(३)**
क. दिइएका बुँदाका आधारमा कथा लेख्नुहोस् ।

कुनै एक ऋषि तपोवनमा जानु ऋषि तपस्यामा लीन हुनु जना व्यापारीलाई लखेट्दै ल्याउनु व्यापारी कुटीभित्र लुक्नु .. केही डाँकाले एक व्यापारी भाग्दै ऋषिको आश्रममा आइपुग्नु ऋषिको कहिल्यै झुट नबोल्ने प्रतिज्ञा हुनु .... डाँकाहरूले ऋषिसँग व्यापारीबारे सोध्नु ऋषिले साँचो कुरा बताउनु डाँकाहरूले भेट्टाउनु....... ऋषि पश्चात्तापमा पर्नु व्यापारी मारेको पाप ऋषिलाई पनि लाग्नु ..... । व्यापारीलाई

ख. आफ्नो गाउँको विकासको लागि आफूले चाल्न सकिने कदमको बारेमा एक संवाद तयार पार्नुहोस् ।

१३. कुनै एक प्रश्नको उत्तर दिनुहोस् । **(३)**

(क) दिदीको विवाहमा उपस्थित हुन अनुरोध गर्दै काकालाई पत्र पठाउनुहोस् ।

(ख) आफ्नो मिल्ले साथी सभासद्मा निर्वाचित भएकोमा एउटा शुभकामना पत्र तयार पार्नुहोस् ।

१४. तलका मध्ये कुनै एकको भाव विस्तार गर्नुहोस् । (३)

(क) मैले जानेको के हो भने म मानव हुँ र मैले स्वतन्त्र भएर बाँच्न पाउनुपर्छ ।

(ख) "मलाई छोरो गएको भन्दा पनि मेरो शिल्पकारी लोप हुने भयो भन्ने चिन्ता छ ।

१५. दिइएको निबन्धांश पढी सोधिएको प्रश्नको उत्तर दिनुहोस् । **(४)**

हिजोआज म असल नागरिकको कर्तव्य पूरा गरिरहेको हुन्छु । आफूलाई स्वयंसेवीका रूपमा रूपान्तरित गर्दै आएको छु । हुन त सानो छँदा पनि मैले कैयौं पटक वृद्धवृद्धा, अपाङ्गता भएका र असहायलाई आफूले सक्दो सेवा गरेको थिएँ । यतिखेर चाहिँ मैले राम्ररी नै बुझै, असहाय, वृद्धवृद्धा, अपाङ्गता भएका र दीनदुःखीले सेवा पाउनु उनीहरूको अधिकार हो। आफूसँग नागरिकता हुनु र नहुनुमा पनि निकै फरक पर्दो रहेछ। नागरिकता भएपछि सरकारबाट धेरै सुविधा पाइँदो रहेछ । त्यसैले मलाई असल नागरिकका रूपमा आफ्नो कर्तव्य र दायित्व निर्वाह गर्न कुनै अप्ठ्यारो परेको छैन ।

**प्रश्नहरू:**

(क) हिजो आज वक्ता के गरिरहेको हुन्छन् ।

(ख) वक्ताले आफूलाई कस्तो नागरिकमा रूपान्तरित गर्दैछन् ?

(ग) हामीसित नागरिकता हुँदा र नहुँदा हाम्रो जीवनमा कसरी फरक पार्छ ?

(घ) वक्तालाई नगरिकका रूपमा आफ्नो कर्तव्य निर्वाह गर्न अफ्ठ्यारो नपर्नुको कारण के हो ?

१६. कुनै एक प्रश्नको लामो उत्तर दिनुहोस् । **(५)**

(क) दिइएको कथांश पढी सोधिएको प्रश्नको उत्तर दिनुहोस् ।

यस्तो वाक्य सुनेपछि भानुलालले अनुहार बाल पारेर अभिमानयुक्त वाणी बोले, "नसक्ने होइन, कस्तो कस्तो सीपको काम गरिराख्या मान्छे म । डेढ डेढ हात, दुई दुई हात अग्लो पशुपतिनाथ, मच्छिन्द्रनाथ, श्रीकृष्णका कति कति मूर्ति बनाइसकें यिनै हातले । जस्ताको त्यस्तै, फोटो खिचेको जस्तो ।

प्रश्न : स्वाभिमानी मान्छेले आफ्नो सीप माथि अर्कोले गरेको शङ्का सहन सक्दैन । अमरपुत्र कथाको आधारमा प्रस्ट पार्नुहोस् ।

**(ख)** दिइएको संवादांश पढी सोधिएको प्रश्नको उत्तर दिनुहोस् ।

संयोगले हामी दौंतरी मुलुकको पूर्व, पश्चिम, उत्तर र दक्षिणका परेछौं । कम्तीमा वर्षको एकपल्ट साथीको घरमा जाँदा त्यहाँका सामाजिक, सांस्कृतिक, भौगोलिक, भाषिक, जातीय आदि विभिन्न पक्षसँग साक्षात्कार गर्ने अवसर मिल्छ ।

प्रश्न : साथीको घरमा, आफन्तको घरमा जाँदा पनि हामीले हाम्रो संस्कृतिको बारेमा केही न केही सिकिरहेका हुन्छौं ? चर्चा गर्नुहोस् ।

१७. कुनै एक शीर्षकमा १२५ शब्द नघटाई निबन्ध लेख्नुहोस् । **(५)**

(क) प्राविधिक शिक्षा

(ख) पर्यटन व्यवसाय

(ग) पर्यावरण संरक्षण

समाप्त